# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रेडक्रससग्राम, चितवन
बागमती प्रदेश, नेपाल

प.स. ०७७/७८
च.नं. ४११२

मिति: २०७८/०३/०१

श्री वडा कार्यालयहरु सबै,
श्री विषयगत शाखाहरु सबै,
श्री सम्पूर्ण उपभोक्ता समितीहरु,
श्री सम्पूर्ण संघसंस्था तथा सरोकारवालाहरु,
कालिका नगरपालिका, चितवन

**विषय: जानकारी सम्बन्धमा ।**

प्रस्तुत विषयमा कालिका नगरपालिकाबाट संचालित आ.व. २०७७/०७८ को सम्पूर्ण कार्यक्रमहरुको तपसिलको मिति भित्र कार्य सम्पन्न गरी रकम भुक्तानीको लागि माग गर्न अनुरोध गरिन्छ । **तोकिएको मिति पछि पेश भएका कागजातको हकमा रकम भुक्तानी गर्न कालिका नगरपालिका जिम्मेवार नहुने र सो रकम फ्रिज हुने जानकारी गराइन्छ ।**

**संघिय सरकारको शसर्त कार्यक्रम, प्रदेश सरकारको शसर्त कार्यक्रम, स्थानीय पूर्वाधार र प्रदेश पूर्वाधारतर्फ,** मिति **२०७८/०३/१५** गते भित्र कार्य सम्पन्न गरी सम्पूर्ण कागजात सहित नगरपालिकामा भुक्तानी माग गर्ने। **२०७८/०३/२०** भित्र सबै भुक्तानी प्रक्रिया नगरपालिकाले सम्पन्न गर्नेछ । **२०७८/०३/२५** भित्र फ्रिज भएको रकम नेपाल सरकार र प्रदेश सरकारमा फिर्ता भै सक्नेछ ।

नगरपालिका बाट संचालित अन्य योजना तथा कार्यक्रमको हकमा मिति **२०७८/०३/२०** गते भित्र कार्य सम्पन्न गरी सम्पूर्ण कागजात नगरपालिकामा पेश गरी भुक्तानी माग गर्ने । मिति **२०७८/०३/२५** गते भित्र सबै भुक्तानी प्रक्रिया नगरपालिकाले सम्पन्न गर्नेछ ।

०७८/३/१

अच्युतराज रेग्मी
प्रमुख प्रशासकीय अधिकृत